# चिरायु सामुदायिक वन उपभोक्ता समूह

## दुधौली न.पा.वडा नं.-०८, सिन्धुली

### गोलीया काठ वोलपत्रद्वारा लिलाम विक्रीको सूचना

**पहिलो पटक प्रकाशित मिति ( २०८३/०२/१९ )**

यस समूहको स्वीकृत वन कार्य योजना अनुसार यस समूहको सामुदायिक वन क्षेत्रवाट आ.व.२०८२/०८३ मा संकलन हुन आएका निम्न जातको गोलिया काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी कायम भएको न्यूनतम् मूल्यांकन दरमा नघटाई सिलवन्दी बोलपत्र द्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मू.अ.करमा दर्ता भएको स्थायी लेखा नम्बर प्राप्त तथा वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएका उद्योगले यो सूचना हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०२/१९ मा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरिद गरी निम्न रित पु-याई वोलपत्र पत्र दाखिला गर्न हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. लिलाम हुने वन पैदावारको विवरण

| क्र.स. | लट नं. | जात | थान | परिमाण (हर्टउड) (क्यू.फि.) | परिमाण (स्यापउड) (क्यू.फि.) | न्यून्तम मूल्य रु/क्यू.फि. | जम्मा न्यून्तम मूल्य रु | घाटगद्दी स्थान | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | खयर | ४२८ | २७२.५१ | ३८१.५२ | १०००।०० | ३८१५२०।०० | समूहको घाटगद्दीमा | स्यापउड परिमाण राजश्व प्रयोजनको लागि राखिएको छ |

२.बोलपत्र फाराम रु.१०००।- तिरी (पछि फिर्ता नहुनेगरी)यस सामुदायिक वन उपभोक्ता समूह,डिभिजन वन कार्यालय, सिन्धुली वाट मिति २०८३/०२/१९ गते देखि २०८३/०३/०८ गते सम्म खरिद गर्न सकिनेछ ।

३. वोलपत्र दाखिला गर्नु पर्नै अन्तिम मिति र समय २०८३/०३/०९ गते दिनको १२:०० वजे माथि उल्लेखित २ वटै स्थानमा दाखिला गर्न सकिनेछ।

४.वोलपत्र साथ कवोल गरेको रकमको १०(प्रतिशत) ले हुन आउने रकम धरौटी वापत यस समूहको नेपाल बैंक लिमिटेड दुधौलीमा रहेको चल्ती हि.नं. २५२००१०७७६८२३५००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर समावेश गरी पेश गर्नु पर्नेछ ।

५.डिभिजन वन कार्यालय सिन्धुलीवाट विक्री तथा दाखिला भएका वोलपत्रहरु विक्री गर्ने डिभिजन वन कार्यालय, सिन्धुलीवाट अन्तिम मितिको भोलिपल्ट यस समूहबाट संकलन गरी सो को भोली पल्ट यस समूहको कार्यालयमा खोलिनेछ ।

६. लिलाम वढावढ हुने वन पैदावार माथी उल्लेखित घाटगद्धि भएको स्थानमा आई हेर्न सकिने छ ।

७. मू.अ.करमा दर्ता भएको स्थायी लेखा नम्बर प्राप्त तथा वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा भएका उद्योगले मात्र बोलपत्र खरिद गरी लिलाम प्रकृयामा भाग लिन पाउनेछ ।

८. रित पूर्वक माथि उल्लेखित कार्यालयहरुमा दाखिला हुन आएका बोलपत्रहरु यस समूहको कार्यालयमा , सम्वन्धित सव डिभिजन वन कार्यालय का प्रतिनिधि र बोलपत्रपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ ।

९. बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

१०. बोलपत्र केरमेट नगरी अंक र अक्षर दुवैमा भरि पेश गर्नु पर्ने छ । केर मेट भए गरेमा अक्षरमा लेखिएको सकार अंकलाई कायम गरिनेछ।

११. बोलपत्र दाताले बोलपत्र शिलवन्दी गरेको खामको वायां तर्फबाट नाम, ठेगाना लेखे फर्मको छाप समेत लगाई खामको दायां तर्फबाट अध्यक्षलाई सम्वोधन गरी साकार गर्ने लट नं. समेत उल्लेख गर्नु पर्ने छ ।

१२. म्याद नाघि रित नपु-याई वा शर्त राखी वा अन्य कुनै पनि तरिका वाट आएको बोलपत्र उपर कारवाहि गरिने छैन ।

१३. बोलपत्र दाखिला र खोलीने दिन विदा पर्न गएमा सो कार्य सो को भोलीपल्ट वा समूहको कार्यालय खुलेको दिनमा हुने छ ।

१४.लिलाम स्वीकृत भएको मितिले ४५ दिन भित्र साकार गरेको रकम, मूल्य अभिबृद्धि कर,सङ्कलन खर्च समेत बुझाई काठ/दाउरा उठाई लैजानु पर्ने छ । म्याद भित्र उक्त रकम दाखिला नगरेमा सम्वन्धित लटको धरौटी जफत गरिने छ ।

१५.वोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस समूहमा सुरक्षित रहने छ ।

१६.काठ संकलन, घाटगद्दी तथा ढुवानी खर्च वापतको रकम स्यापउड समेत कायम हुने परिमाणको काठको प्रति क्यू.फिट रु ३०५।- को दरले छुट्टै जम्मा गर्नु

१७.विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

दिनेश कुमार राउत

अध्यक्ष